बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी

कार्यविधि,२०७८

दशरथचन्द नगरपालिकाबाट स्वीकृत मिति : २०७८/०४/३१ गते
नगर प्रमुख बाट प्रमाणिकरण मिति : २०७८/०५/०१ गते

प्रस्तावना :

बालबालिकाहरुको समग्र विकास र बालबालिकाहरु लाई राज्य संग प्रत्यक्ष जोडन, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ८ को उपदफा १० एवं दफा ६१ को उपदफा (१) संग सर्म्बान्धित रही बाल अधिकार एवं बाल संरक्षणको कार्य प्रभावकारी रुपमा लागु गर्न बान्छीनिय भएको हुदाँ,बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य विधि २०७८ जारी गरिएको छ । यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत गरि लागु गरिने छ । साथै नगर सभा बाट अनुमोदन समेत गरिनेछ ।

परिच्छेद -१: प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम“बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई तुरुन्त प्रारम्भ हुने छ ।

२.परिभाषा,विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “ऐन”भन्नाले बालबालिका सम्बन्धी ऐन ,२०७५ सम्झनु पर्छ ।

(ख) “बाल कल्याण अधिकारी एव बालअधिकार अधिकृत”भन्नाले प्रक्रियागत रुपमा पालिकामा बालबालिकाको क्षेत्रमाकाम गर्ने गरि नियुक्त गरिएको वा बालबालिको क्षेत्रमा काम गर्ने जिम्मेवारी प्राप्त कर्मचारीलाई जनाउँने छ ।

(ग) “समिति”भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समिति एव कार्यविधि अनुसार वडा स्तरमा गठित बाल संरक्षण समिति एव बाल अधिकार समिति सम्झनु पर्छ ।

(घ) “बाल संरक्षण समिति”भन्नाले यसै कार्यविधि अनुसार गठन गरिएको बालबालिकाको संरक्षणका लागि टोल,विद्यालय,वडा एंव पालिकामा गठित समिति सम्झनुपर्छ ।

(ङ) “संस्था”भन्नाले बाल गृह , बाल सुधार गृह ,पुर्न स्थापना केन्द्र,निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवा सञ्चालनको निम्ती प्रचलित कानुन बमोजिम दर्ता भई स्वीकृत विधानमा त्यस्तो सेवा सञ्चालन गर्न व्यवस्था राखी तोकिए बमोजिम संस्थागत रुपमा बाल संरक्षण कार्य योजना , बाल

CamScanner

संरक्षण मापदण्ड ,कार्यविधि तथा आचार संहिंता स्वीकृत गरि स्थापना तथा सञ्चालन गर्न योग्य इच्छुक संस्थालाई सम्झनु पर्छ ।

(च) "बाल गृह प्रमुख, सञ्चालक र व्यवस्थापक"भन्नाले बाल गृहका स्वीकृत विधान अनुसार बाल गृहको प्रमुख कार्यकारी अधिकार भएको व्यक्तिलाई प्रमुख , कार्यकारी समिति वा सञ्चालक समितिका अध्यक्ष लगायत सदस्यहरुलाई सञ्चालक र प्रमुख कर्मचारीको रुपमा रही जिम्मेवारी बहन गर्ने कर्मचारीलाई व्यवस्थापक सम्झनुपर्छ ।

(छ) "जोखिम पूर्ण अवस्थामा रहेका बालबालिका"भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनुपर्छ ।

- अपहरणमा परेका वा हराएका।
- बेचबिखन तथा ओसारपोसारमा परेका ,
- सडक बालबालिकावा सडकमा रहेका,
- जोखिम पूर्ण व्यवसाय वा काममा लागेका ,
- अलपत्र वा बेवारीस भएका ,
- बाल यौन दुर्व्वहारमा परेका ,
- बालबालिका विरुदको हिंन्सामा परेका,
- अपाङ्गता भएका,
- सुस्त मनस्थिति भएका,
- एच.आई.भी संक्रमित भएका,
- प्राकृति प्रकोप तथा दैविक विपद्मा परेका,
- दुर्घटना भएका वा मानव सिर्जित विपद्मा परेका,
- बन्धक बनाएका वा जबरपस्तीश्रम बाट पिडित भएका ,
- घरेलु कामदारका रुपमा लगाएका वा टुहुरा बालबालिका,
- बाल अधिकार समितिले तोकेका अन्य बालबालिका,

(ज) "हेरचाह कर्ता"भन्नाले संस्थागत तथा बैकल्पीक हेरचाहमा रहेका बालबालिकाको प्रत्यक्ष हेरचार वा संरक्षण कार्य गर्ने वयस्क महिला वा पुरुष सम्झनु पर्छ ।

(झ) "अनौपचारीक हेरचाह"भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायीक निकार्यको निर्णय वा आदेश बिना बालबालिका बाबु आमा वा अन्य व्यक्तिको पहलमा आफ्नो व्यक्तिगत क्षमता वा हैसियत अनुसार आफन्त वा साथी वा अरुहरुले एक निश्चित अवधि सम्म पारिवारीक वातावरणमा राखेर गरिने हेरचाह सम्झनुपर्छ ।

(ञ) "औपचारीक हेरचाह"भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायीकको निकायको निर्णय वा आदेशमा सार्वजनिक निकाय , संस्था वा पारिवारिक वातावरणमा राखेर गरिने हेरचाह सम्झनुपर्छ ।

(ट) "सामाजिक कार्य कर्ता "भन्नाले मान्ता प्राप्त विश्वविद्यालय बाट सामाजिक कार्य विषयमा स्नातक तह उत्तीण भएको वा कुनै पनि विषयमा स्नातक उत्तीण गरि कम्तीमा २ महिनाको सामाजिक कार्य कर्ताको तालिम लिएको व्यक्ति समेतलाई बझाउछ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner

(ठ) "कार्यविधि"भन्नाले बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि ,२०७८ लाई सम्झनु पर्छ ।

३.स्थानीय बालअधिकार समिति को गठन ,कामकर्तव्य र अधिकार (१) स्थानीय बालअधिकार समितिको गठन प्रक्रिया देहाय बमोजिम हुने छ ।

- न.पा ~~उपाध्यक्ष~~ उप प्रमुख — अध्यक्ष
- सामाजिक विकास समितिको संयोजक — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य
- स्थानीय तहको प्रहरी प्रमुख — सदस्य
- स्थानीय स्वास्थ्य शाखाको संयोजक — सदस्य
- समुदायिक विद्यालयको प्र.अ हरु मध्येबाट समितिले मनोनित गरेका १ — सदस्य
- बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स बाट मनोनित १ जना — सदस्य
- महिला बालबालिका तथा समाज कल्याण शाखाको प्रतिनिधि — सदस्य
- नगर बाल संञ्जाल बाट एक एक जना बालक र बालिका मध्ये बाट २ जना — सदस्य
- महिला स्वंयम सेवीकाहरु बाट १ जना — सदस्य
- बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) — सदस्य सचिव

नगर प्रमुखलाई यस समितिको संरक्षकको रुपमा विषेश आमन्त्रीत गरिने छ । बैठक कुल पदाधिकारीको कम्तीमा ५१ प्रतिशत संख्या पुगेमा बैठकले गरेका निर्णय मान्यहुने छ ।

४.स्थानीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) बाल संरक्षण सम्बन्धी योजना,कार्यक्रम तथा प्रगती प्रतिवेदन तयार गरि अनुमोदनका लागि नगर सभा एंव नगरकार्यपालिकामा पेश गर्ने ।

(ग) पालिका भित्र रहेका बाल गृह,बाल सुधार गृह ,पुर्नस्थापना केन्द्र,अस्थायी सेवा संरक्षण केन्द्र जस्ता अवासिय केन्द्र एंव सम्पूर्ण बाल अधिकार सम्बन्धीका घटनाहरु अनुगमन ,निरीक्षण,आवश्यक निदेशन दिई आवश्यक सुधारका लागि पहल गर्ने ।

(घ) बाल अधिकार संरक्षण एंव प्रर्वद्धन सम्बन्धी तालिम पालिका,वडा स्तर एंव सरोकारबालाहरु संग आवश्यक समन्वय गरी गर्ने ।

(ङ) बालबालिका सम्बन्धीत सरकारी एंव गैर सरकारी निकाय संग आवश्यक समन्वय गरि बालबालिकाको हक हित एंव संरक्षणका विषयमा कार्यक्रम तथा स्रोत व्यवस्थापन गरि परिचालन गर्ने ।

(च) बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी प्रचारप्रसार सचेता अभिवृद्धि गर्ने ।

(छ) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरि असार मसान्तमा कार्यपालिका,प्रदेश बाल अधिकार समिति र केन्द्रीय बाल अधिकार परिषदमा पठाउने ।

नरेन्द्र सिंह था
नगर

(ज) समितिको दिर्घकालिन निति ,योजना र कार्यक्रम स्वीकृत गर्ने ।

(झ) समिति व्यवस्थीत एवं स्रोत साधन तथा जनशक्ति व्यवस्थापन परिचालन गर्ने ।

(ञ) बालमैत्री पालिका घोषणका लागि बाल मैत्री वडा घोषणामा वडा स्तरीय बाल संरक्षण समिति एंव वडा स्तरीय बाल अधिकार समिति संग आवश्यक समन्वय एवं योजना निर्माण गरि कार्यान्वयनमा जोड गर्ने ।

(ट) बालबालिकाको हक,हित तथा अधिकार संरक्षण संग सम्बन्धीत बालबचाव ,बाल संरक्षण ,बाल विकास र बाल सहभागीताका लागि अन्य आवश्यक कार्यक्रम निर्धारण गरि कार्यान्वयन गर्ने गराउने ।

(ठ) वडा स्तरीय बाल संरक्षण समिति एंव वडा स्तरीय बाल अधिकार समिति गठन तालिम एंव थप क्रियाशिलतामा जोड गर्ने ।

(ड) बालक्लव गठन तथा परिचालन गरि सामाजिक बिकृती लगायतका कार्यमा जोड गर्ने ।

(ढ) समितिले आवश्यता अनुसार आफ्नो अधिकार बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ण) कार्यपालिकाको परामर्शमा अन्य एंव बालबालिका सम्बन्धी कार्य गर्ने एंव सम्बन्धीत अन्य समितिहरु सक्रिय बनाउने ।

(त) आवश्यता अनुसार समितिको बैठक जति बेला पनि बस्न सक्ने छ र कम्तीमा वर्षको तिन पटक अनिवार्य बैठक बस्न पर्ने छ ।

५.वडा स्तरीय बाल संरक्षण समिति एंव बाल अधिकार समिति

(क) वडा अध्यक्ष	संयोजक
(ख) वडा समितिका जन निर्वाचित प्रतिनिधिहरु मध्ये बाट महिला सहित २ जना	सदस्य
(ग) शिक्षक एंव वडाको सबै भन्दा उच्च तहको विद्यालयको प्र.अ.	सदस्य
(घ) महिला स्वास्थ्य कार्यकर्ता हरु मध्ये बाट १ जना	सदस्य
(ङ) दलित अल्प संख्याकबाट प्रतिनिधित्व हुने गरि महिला सहित २ जना	सदस्य
(च) सम्बन्धीत वडामा रहेको प्रहरी कार्यालयको प्रमुख १ जना	सदस्य
(छ) वडा स्तरीय बाल संजालको प्रतिनिधि एंव बाल क्लव प्रतिनिधि एक जना	सदस्य
(ज) सम्बन्धीत वडाको वडा सचिव वा वडा अध्यक्षले तोकेको कर्मचारी	सदस्य सचिव

६.वडा स्तरीय बाल संरक्षण समिति एंव बाल अधिकार समितिको काम कर्तव्य र अधिकार

(क) बिशेष हेरचार एंव संरक्षण विहीन बालबालिकाको तथ्याङ्क संकलन गरि ,अध्यावधिक गर्ने र पालिका ,वडाएंव स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

(ख) सम्बन्धित वडामा बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था , बाल कलव ,समुह ,बाल संरक्षण समिति वा बाल अधिकार समिति ,मेलमिलाप केन्द्र लगायतका निकायहरुको फेह रिस्ता तयार पार्ने र यस्ता निकाय हरु संग समन्वय ,सहकार्य र साझेदारी गरि बाल अधिकारको सवर्द्धनात्मक र संरक्षात्मक गर्ने गराउने ।

(ग) बालबाललिकाको क्षेत्रमा स्थानीय आवश्यता पहिचान गरि स्थानीय सरकारका विभिन्न निकायहरु र विकास का साझेदार संस्थाहरुको समन्वयमा समुदायमा आधारीत कार्यक्रमको तर्जुमा एंव कार्यान्वयन गर्ने गराउने आवश्यक समन्वय गर्ने ।

(घ) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका निमित्व चेतना अभिवृद्धि ,जागरण सिर्जना गर्ने ।

(ङ) स्थानीय संग संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्ने उत्प्रेरणा ,समन्वय साझेदारी गर्ने । कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बाल अधिकार हननका सम्बन्धमा ,कुनै पनि माध्यमबाट जानकारीमा आएक घटना एंव उजरीहरुलाई सम्बन्धीत निकायमा सिफारिस गरी पठाउने एंव समन्वय कारी भुमिका निर्वाह गरी बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखी घटना व्यवस्थापनमा सहयोग गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मीक सहयोग तथादिगो विकासका लागि स्रोत (आर्थिक,भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र स्थानीय बाल अधिकार समितिलाई बाल अधिकार प्रवर्द्धन सम्बन्धी आवश्यक सहयोग गर्ने ।

(झ) शिक्षा,स्वास्थ्य लगायतका क्षेत्रमा वार्षिक योजनामा समेत बाल संरक्षण सम्बन्धीत भुमिका (विशेष गरि बालबिवाह ,हिंसा,दुरव्यवहार आदीको बारेमा सुचना तथा उजुरी)समावेश गर्न सहजीकरण गर्ने ।

(ञ) बाल संरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरु (जस्तै ततकालका आवश्यता परि पूर्ति,सुरक्षा आवास ,बैल्पिक स्याहार ,मनोविमर्श उद्धार ,पुर्नस्थापना ,पारिवारिक शिक्षा,कानुनी सहायता तथा उपचार ,छात्रवृति,आय आजन आदी) को लागि सम्बन्धीत पालिका वडा बाटै वा अन्य सरकारी एंव गैर सरकारी सेवा प्रदायक वा निजी क्षेत्र बाट परिचालन गर्न सकिने गरि सुचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

(ट) अनधिकृत व्यक्ति,संस्था तथा निकायले बालबालिकाको दिर्घकालिन प्रभाव पर्ने विषयमा आफु खुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरु हुन नदिन नियमित अनुगमन गर्ने ।

(ठ) बालबालिका संग सम्बन्धीत दिवसहरु पालिका वडा स्तरीय निकायहरुको समन्वयमा मनाउने ।

(ड) वडा बाल संरक्षण समिति वा वडा स्तरीय बाल अधिकार समितिहरु,बालक्लव,संजालहरु एंव सरोकारवालाहरु र पालिका वडा विच सहकार्य र सम्पर्क गर्ने ।

(ढ) बालमैत्री वडा घोषणाका लागि आवश्यक पहल गर्ने एंव स्थानीय बाल अधिकार समिति संग आवश्यक पराशर्म गर्ने ।

नगर प्रमुख

(ण) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगती स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

७.बालक्लव तथा संजाल गठन एव परिचालन : विद्यालय,समुदाय एव वडा र नगरपालिका स्तरीय बाल संजालगठन गरि परिचालन गर्न पालिका परित बालक्लब र संञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०७४ अनुसार गर्ने ।

परिच्छेद -३ : बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) सम्बन्धी व्यवस्था

१.नगरपालिका भित्र रहेका अधिकृत स्तरका कर्मचारीहरु मध्येबाट प्रमुख प्रशासकीय अधिकृत वा नगरकार्यपालिकाले तोकिने छ ।

२. काम,कर्तव्य र अधिकार : (१) बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) को काम ,कर्तव्य र अधिकार बालबालिका सम्बन्धी संघिय ऐन, नियमावली र यस कार्यविधि अनुसार देहाय बमोजिम हुनेछ ।

(क) नगरकार्यापालिका,स्थानीय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरुप बार्षिक कार्यक्रम बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठक मा पेश गर्ने ।

(ग) स्वीकृत राष्टिय, प्रार्देशिक र स्थानीय नीति एवं योजना अनुरुप बार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग गर्ने ।

(घ) बालबालिका तथा बाल अधिकार सम्बन्धी समग्र स्थानीय तथ्याङ्क संकलन तथा प्रशोधन गरी ,गराई बालबालिका सम्बन्धी स्थानीय बार्षिक स्थिती प्रतिवेदन तयार गरी समितिको स्वीकृतीले प्रकाशन गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र यसको एक-एक प्रति सम्बन्धीत निकाय समक्ष पेश गर्ने ।

(ङ) स्थानीय तहमा बालबालिका क्षेत्रमा कार्यरत व्यक्ति तथा निकायहरुलाई समन्वय ,सहकार्य एवं परिचालन गर्ने ।

(च) आन्तरिक धर्मपुत्र,धर्मपुत्री लिने दिने व्यक्तिलाई स्थानीय बाल अधिकार समितिमा सुचीकृत गर्ने र खिलत तयार गर्न सहयोग गर्ने ।

(छ) आन्तरिक धर्मपुत्र,धर्मपुत्री ,संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धीत निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

(ज) स्थानीय तहभित्र सञ्चालनमा रहेका बाल गृह ,बाल सुधार गृह ,पुनस्थापना केन्द्र,अस्थायी संरक्षण सेवा केन्द्र , निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने,निर्देशन दिने तथा पृष्ठपोषण गर्ने र बन्द गर्न आवश्यक भएमा कार्यपालिका एवं सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

नरेन्द्र सिंह थापा
नगर प्रमु

CamScanner

(झ) बालबालिकाको हकहितको संरक्षण तथा शारीरिक र मानसिक बिकास सम्बन्धी स्थानीय तहको दीर्घकालीन नीति र योजना तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने ।

(ञ) समितिसंग सम्बन्धीत मुद्दा मामिलाको सन्दर्भमा अदालत तथा न्यायिक निकयलाई जवाफ तथा प्रति उत्तर दिने ।

(ट) बालबालिकाको सर्वोतम हितका निम्ती नेपाल प्रचलित काकुन , बाल संरक्षण नीति मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्बन्धित निकायसंग समन्वय ,सहयोग ,सहजीकरण तथा सहकार्य गर्ने ।

(ठ) कार्य सम्पादन सम्झौता बमोजिमको कार्य पगति प्रत्येक छ छ महिनाको अवधिमा सम्बन्धीत स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्ने ।

(ड) बालमैत्री स्थानीय शासन प्रर्वद्धनमा योजना निर्माण गरी कार्यान्वयनमा जोड दिने ।

(ढ) बाल संरक्षण सम्बन्धी वडा स्तर सम्म बाल संरक्षण समिति एवं बाल क्लब गठन र परिचालन प्रभावकारी रुपमा गर्ने गराउने ।

(ण) संरक्षण विहिन एवं जोखिममा परेका बालबालिकाको हेरचाहकर्ताको लागि प्रवन्ध मिलाउने ।

(त) सामाजिक कार्यकर्तालाई बालअधिकार प्रर्वद्धन कार्यमा जोड दिने ।

(थ) बालबालिकाका हितका लागि बालगृह एवं संरक्षण केन्द्र तथा आवश्यकता अनुसार सिफारिस गर्ने ।

(द) बालबालिका संग सम्बन्धीत सम्पूर्ण कार्य प्रमुख प्रशासकीय अधिकृतसंग आवश्यक समन्वय गर्दै सिफारिस गर्ने ।

(ध) स्थानीय बालअधिकार समितिको प्रशासकीय प्रमुख भई कार्य सम्पादन गर्ने ।

(न) नगर कार्यपालिका एवं समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

१) अन्य कार्य : बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) स्थानीय बाल अधिकार समिति र अख्तियार प्राप्त अन्य निकायले बैकल्पिक हेरचाह प्रदान गर्ने व्यक्ति,परिवार ,संस्था तथा निकायको नियमित अनुगमन गरी देहायमा उल्लेख गरिएका समेतका सेवा तथा हक अधिकारबाट कुनै बालबालिका बञ्चित नभएको सुनिश्चित गर्ने कार्यमा पहल गर्नुपर्नेछ ।

(क) जन्म दर्ता,

(ख) विद्यालय उमेरका बालबालिकालाई औपचारिक शिक्षा,

(ग) सरकारबाट प्राप्त गरेको छात्रवृत्ति,

(घ) स्वास्थ्य सेवा र स्वास्थोपचार,

(ङ) सरकारबाट प्राप्त भएको सामाजिक सुरक्षा सहयोग ,

(च) आफ्नो जाति ,धर्म र सँस्कृती अनुसार चाडपर्व मान्ने सास्कृतीक गतिविधिमा सहभागी हुन पाउने अधिकार,

नरेन्द्र सिंह थापा
नगर प्रमुख

(छ) स्थानीय तहबाट प्राप्त हुने सेवा तथा सुविधा ,

(ज) बढ्दो उमेर ,परिपक्वता तथा विकासको अवस्था अनुसार परिवार ,समुदाय,स्थानीय तह ,जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा सहभागी हुन पाउने अधिकार ,

(झ) प्रचलित कानुन ,निति योजना तथा कार्यक्रम बाट प्राप्त हुने सबै अवसर तथा सुविधा ।

(ञ) विद्यालय शान्ती क्षेत्र सम्बन्धी कार्य ,

(ट) बाल अधिकार हननका घटना,

(ठ) बालविवाह न्यूनिकरण सम्वन्धी सचेतना एवं कार्ययोजना निर्माण एवं कार्यान्वयन ।

परिच्छेद ४ : विविध

१२. बचाउ : बालबालिकाको हक ,हित र प्रवर्द्धनका लागि यस अधि नगरपालिकाबाट भएका कार्यहरु यसै कार्यविधि अनुसार भएका मानिनेछन ।

१३: अमान्य हुने : यस कार्यविधिमा भएका प्रावधानहरु संघीय र प्रदेश कानुन प्रचलित कानुन संग बझिएमा बाझिएका हदसम्म अमान्य हुनेछ ।

यस कार्यविधिमा भएका प्रावधानहरु संघीय र प्रदेश तथा प्रचलित कानुन संग बाझिएमा हदसम्म अमान्य हुनेछ ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner